# लम्कीचुहा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

**भल्का, कैलाली**

**सुदूरपश्चिम प्रदेश, नेपाल**

## करार सेवामा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धि सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८२।०३।१९)**

प्रस्तुत विषयमा यस लम्कीचुहा नगरपालिकाको कार्यालयका लागि निम्नानुसारका नगर प्रहरी पदहरूमा देहायको संख्यामा आवश्यक परेको हुँदा तोकिएका नगर प्रहरी पदहरूमा सेवा करार मार्फत पदपूर्ति गर्नुपर्ने भएकोले तपशील बमोजिमको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र माग बमोजिमको विवरण र राजश्व तिरेको सक्कल रसिद सहित यस कार्यालयमा निवेदन पेश गर्नुहुन अनुरोध छ।

| क्र.सं. | विज्ञापन नं. | पद | खुला | समावेशी | तह |
|---|---|---|---|---|---|
| | | | | महिला | |
| १ | २३/०८१/०८२ | सहायक कम्प्यूटर अपरेटर | ४ | | स्थानीय तहको सहायक चौथो तह वा सो सरह |
| २ | २४/०८१/०८२ | सामाजिक परिचालक | १ | | स्थानीय तहको सहायक चौथो तह वा सो सरह |
| ३ | २५/०८१/०८२ | अ.सव इन्जिनियर | १ | | स्थानीय तहको सहायक चौथो तह वा सो सरह |
| ४ | २६/०८१/०८२ | नगर प्रहरी हवल्दार | १ | | स्थानीय तहको सहायक तेस्रो तह वा सो सरह |
| ५ | २७/०८१/०८२ | नगर प्रहरी जवान | ५ | १ | श्रेणी बिहिन वा सो सरह |
| ६ | २८/०८१/०८२ | दमकल चालक | १ | | श्रेणी बिहिन वा सो सरह |
| ७ | २९/०८१/०८२ | कार्यालय सहयोगी | १ | | श्रेणी बिहिन वा सो सरह |

१. **आवश्यक न्यूनतम योग्यता र अनुभव**

क. सहायक कम्प्यूटर अपरेटरका लागिः मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्यूटर विषय लिई प्रवेशिका परिक्षा वा सो सरह उतीर्ण गरेको वा प्रवेशिका परिक्षा वा सो सरह उतीर्ण गरी रजिष्टर्ड संस्थाबाट कम्तिमा ३ महिनाको आधारभुत तालिम प्राप्त गरेको।

ख. सामाजिक परिचालकका लागिः मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका परिक्षा वा सो सरह उतीर्ण गरेको।

ग. अ.सव इन्जिनियरका लागिःमान्यता प्राप्त शैक्षिक संस्थाबाट सिभिलईन्जिनियरिङ विषयमा त्वीऋ तह उर्तिण गरेको।

घ. नगर प्रहरी हवल्दार पदका लागिः मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा बीऋ वा सो सरह उत्तीर्ण।

ङ. नगर प्रहरी जवानका लागिः मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा आठ कक्षा उतीर्ण।

च. दमकल चालकका लागिः साधारण लेखपढ गर्न जान्ने र दमकल चालकको सवारी चालक अनुमति पत्र (क्र) प्राप्त गरेको।

छ. कार्यालय सहयोगीका लागिः साधारण लेखपढ गर्न जान्ने।

२. **थप योग्यता**

क. नैतिक पतन देखिने फौजदारी अभियोगमा कसूरदार नठहरिएको।

ख. अदालतबाट मानव अधिकार हननमा कसूरदार नठहरिएको।

ग. भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नभएको।

३. **नगर प्रहरीका लागिः**

क. उचाई छाति र तौल

-पुरुष : उचाई घटिमा ५ फिट २ ईन्च छाति ३१-३३ ईन्च र तौल ५० के जि

-महिला : उचाई घटिमा ५ फिट र तौल ४२ के जि

ख. आखाँ माइनस २ वा प्लस २ भन्दा बढि कमजोर नभएको

ग. नेपाल सरकारको स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको

४. **उमेर हद :** नगर प्रहरीको हकमा १८ वर्ष उमेर पुरा भई २४ वर्ष ननाघेको तर भूतपूर्व नेपाल प्रहरी सशस्त्र प्रहरी र नेपाली सेनाको हकमा ४५ वर्षननाघेको साथै अन्य पदको हकमा १८ वर्ष उमेर पुरा भई ४५ वर्ष ननाघेको।

५. **दरखास्त पाइने र बुझाउने स्थानः** लम्कीचुहा नगरपालिका, भल्का कैलाली। दरखास्त फाराम लम्कीचुहा नगरपालिकाको वेवसाईट lamkichuha.mun.gov.np बाट समेत Download गर्न सकिन्छ।

६. **दरखास्त दस्तुरः** सहायक चौथो तह तथा सहायक तेस्रो तह वा सो सरहका लागि रु. ४००।- श्रेणी विहिनका लागि रु. ३००।- रु साथै एकभन्दा बढी समूहमा दरखास्त दिने उम्मेदवारको हकमा प्रत्येक समूहकालागि थप रु १५०।-

७. **दरखास्त दिने अन्तिम मितिः** २०८२।०४।०१ गते कार्यालय समय भित्र

८. **छनौट विधि :-**

| | |
|---|---|
| सहायक कम्प्यूटर अपरेटर | प्रारम्भिक योग्यता सूची, लिखित परिक्षा र अन्तर्वार्ता |
| सामाजिक परिचालक | प्रारम्भिक योग्यता सूची, लिखित परिक्षा र अन्तर्वार्ता |
| अ.सव इन्जिनियर | प्रारम्भिक योग्यता सूची, लिखित परिक्षा र अन्तर्वार्ता |
| नगर प्रहरी हवल्दार | शारीरिक तन्दुरुस्ती परिक्षण, लिखित परिक्षा र अन्तर्वार्ता |
| नगर प्रहरी जवान | शारीरिक तन्दुरुस्ती परिक्षण, लिखित परिक्षा र अन्तर्वार्ता |
| दमकल चालक | प्रयोगात्मक परिक्षा र अन्तर्वार्ता |
| कार्यालय सहयोगी | अन्तर्वार्ता |

९. **परीक्षा हुने मिति समय र स्थानः** पदपूर्ति समितिले सूचना प्रकाशन गरी तोके बमोजिम।

१०. **आवेदन साथ संलग्न कागजातहरुः** आवेदक स्वयमले प्रमाणित गरेका देहाय बमोजिमका कागजातहरुको प्रतिलिपिः-

क. नागरिकताको प्रमाण पत्र

ख. शैक्षिक योग्यताको लब्धांक प्रमाण पत्र।

ग. चारित्रिक प्रमाण पत्र

घ. अनुभव भए सो खुल्ने आवश्यक कागजात

ङ. ३ प्रति पासपोर्ट साईजको फोटो

च. भूतपूर्व नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेनामा काम गरेको हकमा काम गरेको खुल्ने कागजात

छ. अन्य दर्ता प्रमाण पत्र वा अनुमति पत्र आवश्यक पर्ने भएमा सोही बमोजिमका प्रमाणपत्र।

११. **सेवा सुविधाः** प्रचलित कानूनले तोके बमोजिम

१२. **सम्पादन गर्नुपर्ने कार्यविवरणः** प्रचलित कानूनले तोके बमोजिम।

१३. रितपूर्वक पेश नभएका दरखास्त पदपूर्ति समितिले जुनसुकै बखत रद्द गर्न सकनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

CamScanner